कोहलपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कोहलपुर बाँके
५ नं प्रदेश,नेपाल

सिलबन्दी दरभाउपत्र आह्वानको सुचना
(प्रथम पटक प्रकाशित मितिः २०७७।०२।३२)

आ.ब. २०७६।०७७
सुचना नं. KOMUN/SQ/G-02/076/077

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक निम्न मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरु:

१. कम्पनी/फर्म चालु आ.ब.२०७६।०७७ सम्ममा नवीकरण भएको ईजाजतपत्रको प्रमाणित प्रतिलिपी, स्थायी लेखा नंम्बर प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र निबेदन सहित तोकिएको दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउ पत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२:०० बजे भित्र दरभाउ पत्र फाराममा सहीछाप गरि दरभाउ पत्र दाताको नाम, ठेगाना, फोन तथा फ्यास नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।

३. दरभाउ पत्र सम्बन्धि दस्तुर यस कार्यालयको नाममा कृषि बिकास बैंक लि. कोहलपुर शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०७२०५०१०००२३५३६५ मा जम्मा गरि सोको सक्कलै भौचर दरभाउ पत्र सम्बन्धि कागजात खरिद गर्दा पेश गर्नु पर्ने वा यस कार्यालयको राजस्व शाखामा नगदै बुझाई नगदि रसिद संलग्न गर्नु पर्नेछ ।

४. दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको दिउसो २:०० बजे दरभाउ पत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५.दरभाउ पत्र खरिदको अन्तीम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

६. सिलबन्दी दरभाउपत्रका साथ जमानत बापत तोकिएको रकम यस नगरपालिकाको नाममा कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नः ०७२०५०१०००२३५२१७ जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट बिडबण्ड जारी गर्ने सक्ने ईजाजत प्राप्त बैंक तथा बित्तीय संस्थाबाट जारी सिलबन्दी दरभाउपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको बिडवण्डको सक्कल प्रमाण पत्र संलग्न गर्नु पर्ने छ

७. सिलबन्दी दरभाउपत्रमा आईटमवाईज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्र दाताको सहि छाप भएको हुनुपर्ने छ।

८. दरभाउ पत्र स्वीकृत भएपछि सूचनाअनुसारको अंकको ५% ले हुने रकम बरावरको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

९. कार्यालयको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउ पत्र पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ ।

१०. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

११. सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ। दरभाउपत्र सम्बन्धि थप कुरा बुझ्नुपरेमा यस कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिलः

| सिं नं | ठेक्का नं | मालसामानको बिवरण | लागत अनुमान रकम (VAT सहित) | धरौटी रकम रु | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | KOMUN/SQ/G-02/076/077 | स्यानिटरी प्याड( Sanitary Pad) खरिद कार्य | २२,३२,०००/- | ६५,०००/- | १,०००। |

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत